# बार्षिक बजेट तथा कार्यक्रम

## आ.ब. २०७९/८०

वराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी, सुनसरी
७ असार २०७९

# उपप्रमुख श्री नन्द कुमारी सुनुवारद्धार प्रस्तुत
# आ.व. २०७९/८० को बजेट तथा कार्यक्रम

२०७९/०३/०७

**नगर सभाका अध्यक्ष ज्यू,**

**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**नगरसभा सदस्य ज्यूहरु,**

**उपस्थित कर्मचारी मित्रहरु तथा पत्रकार साथीहरु ।**

**सर्वप्रथम म सबैलाई हार्दिक स्वागत र सम्मान प्रकट गर्न चाहान्छु ।**

नेपाल सरकारको "समृद्ध नेपाल सुखी नेपाली" राष्ट्रिय लक्ष्य र १ नं प्रदेश सरकारको "स्वच्छ, सुखी र समुन्नत प्रदेश" अभिष्ट पुरा गर्ने ध्येयका साथै नगरपालिकाको "समृद्ध नगर सुखी नगरबासी" दुरदृष्टी सहितको गन्तव्य हाम्रो मुख्य लक्ष्य रहेको छ । यिनै लक्ष्यलाई आत्मासाथ गर्दै आगामी आ.व. २०७९/८० को बजेट तर्जुमा गरिएको छ । बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन-२०७४ (परिमार्जित) को सिद्धान्त, संघीय तथा प्रदेश सरकारको निती तथा कार्यक्रम, दिगो विकासका लक्ष्यका आधारहरु, बिषयगत समितिहरुबाट आएका सुझावहरुलाई मार्गदर्शनका रुपमा लिइएको छु । बिभिन्न राजनैतिक दलहरु, नागरीक समाज, बुद्धिजिबीहरु, निजी क्षेत्र र संघ संस्थाबाट दिनु भएको सुझाबहरुलाई समेत ध्यानमा राखिएको छ ।

**<u>नगर सभा सदस्य ज्यूहरु,</u>**

सर्वप्रथम म वराहक्षेत्र नगरपालिकाको आर्थिक अवस्थाको बारेमा संक्षिप्त समीक्षा प्रस्तुत गर्न चाहान्छु । अघिल्लो आ.व. २०७७/७८ मा जम्मा रु ८३ करोड ८६ लाख ८ हजार ४ सय खर्च मध्ये चालुतर्फ ११ करोड ११ लाख ८६ हजार ८ सय, पुंजीगत तर्फ ३१ करोड १७ लाख ६३ हजार ४ सय, ससर्त अनुदानतर्फ ४१ करोड ५६ लाख ५८ हजार १ सय यथार्थ खर्च भएको थियो ।

गत वर्ष चालु आ.व. २०७८/७९ को लागि अघिल्ल्लो सभामा रु १ अर्ब ५ करोड ५८ लाख ३२ हजार ५ सयको बजेट प्रस्तुत् गरिएको थियो । यसमा २०७९ जेठ मसान्त सम्ममा जम्मा रु १ अर्ब १० करोड ७२ लाख १७ हजार ५ सय संशोधित अनुमान रहेको छ ।जसमध्ये शसर्त अनुदान समेत ९२ करोड ९ लाख ५३ हजार ६ सय हाम्रो सञ्चित कोषमा निकासा प्राप्त भइ रु. ६८ करोड १५ लाख १३ हजार ४ सय कुल प्राप्त बजेटको ७४.०० प्रतिशत खर्च भएको छ ।

यसमध्ये चालु तर्फ ११ करोड ७४ लाख विनियोजित बजेटको ८४.४१ प्रतिशत र पूँजीगत तर्फ ५० करोड २४ लाख ४९ हजार विनियोजित बजेटको ४४.५३ प्रतिशत खर्च भएको छ ।

नगरको आन्तरिक आम्दानीतर्फ २६ करोड ५८ लाख ४९ हजारको प्रक्षेपण गरिएकोमा २०७९ जेष्ठ मसान्त सम्ममा १७ करोड ७७ लाख ८६ हजार यथार्थ आम्दानी भई जेष्ठ मसान्त सम्म लक्ष्यको ६६.८७ प्रतिशत (अ.ल्या. समेत) मात्र राजश्व प्राप्त भएको छ । यसमध्ये ढुङ्गागिट्टी, बालुवा, भरौट उत्खननबाट रु ३ करोड ५० लाख आम्दानी हुने प्रक्षेपण गरि सर्दु र बाघ खोलाको ठेक्का खोलिएकोमा जिल्ला वन कार्यालयको अवरोधका कारण दुबैमा ठेक्का लाग्न नसकेको ब्यहेरा सबैमा जानकारी गराउन चाहन्छु।

**<u>आदरणीय उपस्थित महानुभावहरुः</u>**

यस सम्मानित सभामा नगर प्रमुख ज्युले हाम्रो नगरको यस आ.व. २०७९/८० को निती तथा कार्यक्रम प्रस्तुत गरिसक्नु भएको छ । सोही निती तथा कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्ने ध्येयका साथ यो बजेट तथा कार्यक्रम खर्च गर्ने श्रोत सहित तयार गरि सभामा प्रस्तुत गर्न गईरहेको छु ।

१. " **समृद्ध बराहक्षेत्रको आधार, कृषि, पर्यटन र दिगो पूर्वाधार** " नै हाम्रो नगरको पहिलो समृद्धिको मार्ग देखिएकोले भौतिक पूर्वाधारलाई पहिलो र कृषि र पर्यटनलाई दोश्रो प्राथमिकतामा राखि बजेट बिनियोजन गरिएको छ ।

२. पचास लाख भन्दा माथिको **"एक वडा एक गौरबको योजना"** सहित ११ वटै वडाहरुबाट १ करोड बजेट सिलिङ्ग भित्रबाट प्राप्त भएका वडा स्तरीय योजनाहरुलाई जस्ताको त्यस्तै आगामी आ.व.को कार्यक्रममा समावेश गरिएको छ । नगरपालिका स्तरमा बिषयगत समितिहरुबाट सिफारिस भएका बिभिन्न योजनाहरुलाई श्रोतले भ्याएसम्म प्राथमिकतामा राखिएको छ ।

३. आवश्यकता र प्राथमिकताको आधारमा साझेदारीमा आयोजनाहरु कार्यान्वयन गर्न समपुरक कोषमा रु ४ करोड र सार्वजनिक मर्मत सम्भारमा रु ७७ लाख ५० हजार बजेट बिनियोजन गरिएको छ ।

४. भविष्यमा आईपर्ने सक्ने बिपदलाई दृष्टिगत गरी बिपद व्यवस्थापन कोषमा रु ७० लाख रकम बिनियोजन गरिएको छ ।

५. सामाजिक सुरक्षा कोष, महिला हिँसा निवारण कोष, कर्मचारी कल्याण कोषमा पनि केहि मात्रामा रकम बिनियोजन गरिएको छ ।

६. वडा कार्यालय संचालन खर्च बापत प्रति वडा रु ५ लाख २४ हजारका दरले चालु खर्च बिनियोजन गरिएको छ ।

७. बेरोजगार यूवाका लागि मेयर रोजगार कार्यक्रम र उपमेयर महिला सिप विकास तथा महिला शसक्तिकरण कार्यक्रम संचालनका लागि बजेट बिनियोजन गरिएको छ ।

८. भौतिक पूर्वाधारका दृष्टिले उच्च मुल्याङ्कन भएका जग्गाहरुको मालपोत दरमा केहि सामान्य हेरफेर गरिएता पनि अधिकांश राजश्व दर यथावत कायम राखिएको छ ।

**आदरणिय उपस्थित महानुभावहरु:**

अब म नगरपालिकालाई आगामी आ.व.मा संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने शसर्त र स्थानीय बजेटका साथै संघिय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने बिशेष तथा समपुरक अनुदान र नगरपालिकाको आन्तरिक श्रोत, बिभिन्न संघ संस्थाबाट प्राप्त हुने कार्यक्रम गत खर्चका साथै आगामी आ.व. २०७९/८० का लागि निम्नानुसार आम्दानी खर्चको प्रक्षेपण प्रस्तुत गरेकी छु ।

| सि.नं. | आम्दानी क्षेत्र | बजेट |
|---|---|---|
| १ | आन्तरिक आय अनुमान (अल्या समेत) | २५ करोड |
| २ | सशर्त अनुदान (संघ) | ४१ करोड २७ लाख |
| ३ | बिशेष अनुदान | ० |
| ४ | बित्तीय समानिकरण अनुदान (संघ) | २१ करोड ४८ लाख |
| ५ | बित्तीय समानिकरण (प्रदेश) | १ करोड २० लाख २० हजार |
| ६ | राजश्व बाँडफाँड (संघ) | १५ करोड ९४ लाख २३ हजार |
| ७ | सशर्त अनुदान (प्रदेश) | ६१ लाख २३ हजार |
| ८ | समपुरक अनुदान (प्रदेश) | १ करोड |
| ९ | प्रदेश राजश्व बाँडफाँट | ९१ लाख ७५ हजार ९ सय ३० |
| **जम्मा** | | **१ अर्व ७ करोड ४२ लाख ४१ हजार ९ सय ३०** |

**खर्च तर्फको बिनियोजन**

| सि. नं | खर्चको वर्गीकरण | बिनियोजित बजेट |
|---|---|---|
| १ | चालु खर्च (नगर) | १२ करोड ४१ लाख ४६ हजार |
| २ | वडा कार्यालय (पुँजिगत) | ११ करोड |
| ३ | पुँजीगत बजेट (नगर) | ४० करोड ५४ लाख २८ हजार ९ सय ३० |

| | | |
|---|---|---|
| | वडाको चालु | ५८ लाख ४४ हजार |
| | सशर्त अनुदान | ४२ करोड ८८ लाख २३ हजार |
| कुल जम्मा | | **१ अर्व ७ करोड ४२ लाख ४१ हजार ९ सय ३०** |

**<u>आदरणीय उपस्थित महानुभावहरु</u>**

मैले माथि उल्लेख गरेको खर्च तर्फको विभाजनलाई निम्नानुसार बिषयगत रुपमा बिनियोजन गरी खर्च गर्ने प्रस्ताव गरेकी छु ।

| **क्र.सं.** | **कार्यक्रमको विवरण** | **विनियोजित वजेट** | **प्रतिशत** |
|---|---|---|---|
| १ | सामाजिक विकास | ८ करोड ६९ लाख ६६ हजार ८ सय | |
| २ | सुशासन तथा क्षमता विकास | १ करोड ७६ लाख ५० हजार | |
| ३ | वन वातावरण तथा विपद व्यवस्थापन | १ करोड ७९ लाख ५० हजार | |
| ४ | पुर्वाधर विकास | १२ करोड ६४ लाख २५ हजार | |
| ५ | आर्थिक विकास | २ करोड ४६ लाख ८७ हजार १ सय ३० | |
| ६ | क्रमागत योजनाको भुक्तानी (ठेक्का तर्फको) | ८ करोड ४० लाख | |
| ७ | प्रशासनिक तथा संचालन खर्च (चालु) | १२ करोड ९९ लाख ९० हजार | |
| ८ | ११ वटा वडातर्फको पूजीगत खर्च | ११ करोड | |
| | समपुरक कोस | ४ करोड | |
| | मर्मत सुधार | ७७ लाख ५० हजार | |
| ९ | संघीय सशर्त अनुदान (विशेष समेत) | ४१ करोड २७ लाख | |
| १० | प्रदेश सशर्त अनुदान (समपुरक समेत) | १ करोड ६१ लाख २३ हजार | |
| | **कुल जम्मा** | **१ अर्व ७ करोड ४२ लाख ४१ हजार ९ सय ३०** | |

**आदरणीय उपस्थित महानुभावहरुः**

कोशी कटान बाढीपीढितको समस्या, सुकुम्बासी बेरोजगारी, बर्षेनी जंगली जनाबारबाट हुने बालीनालीको क्षति, भएका श्रोत साधन परिचालनमा समस्या जस्ता असंख्य चुनौतिका बाबजुद पनि हामी सबै एकजुट भएर लागी परेको खण्डमा उज्यालो संभावनायुक्त भविष्य भएको क्षेत्र हो हाम्रो बराहक्षेत्र नगरपालिका । स्थानीय तहको दोश्रो निर्वाचन पछिको यो पहिलो मैले पेस गरेको बजेट तथा कार्यक्रमले वराहक्षेत्र नगरबासी जनताको आर्थिक, सामाजिक अवस्थामा परिबर्तन आउने, भौतिक बिकासको फड्को मार्ने र जनताको जीवन निर्वाहमा केहि राहत महसुस हुने, राजश्व संकलनमा उल्लेखनीय बृद्धि हुनका साथै सेवा प्रवाहमा सुधारमा भई जनतामा सुशासनको अनुभुति हुने बिश्वास लिएकी छु ।

अन्त्यमा, दशौ नगर सभाको समुद्घघाटन समारोहमा आतिथ्यता स्वीकार गरी पाल्नुहुने सम्पूर्ण महानुभानहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै नगरको बिकासमा रचानात्मक सहयोग एवं महत्वपूर्ण योगदान पुर्याउने बिषयगत शाखाहरु, संघ संस्था लगायत राष्ट्रिय एवं स्थानीय स्तरका सम्पूर्ण गैरसरकारी संस्थाहरु, नगर सभा सम्पन्न गराउन अहोरात्र खटिनु भएका कर्मचारी मित्रहरु तथा सम्पूर्ण नगरबासीहरुलाई हार्दिक धन्यबाद दिदै आ.व. २०७९/८० को बजेट निती तथा कार्यक्रमले परिलक्षित गरेका नतिजामुखी परिणाम हासिल गर्न सबैको महत्वपूर्ण सहयोग र सद्भभावको निरन्तर अपेक्षा गर्दछु । यस कार्यक्रमलाई आ-आफ्नो स्थानबाट सहयोग गरी सफल बनाउन सम्पूर्ण महानुभावहरुलाई आव्हान गर्दै बिदा हुने अनुमति चाहान्छु ।

नन्दकुमारी सुनवार
नगर उपप्रमुख

**धन्यबाद**

**७ असार,२०७९**